Practical ACTION

# मिडिया फेलोशिप २०२४

# आवेदनको लागि आह्वान

**प्राक्टिकल एक्शनका बारेमा**

प्राक्टिकल एक्शन सामाजिक विकासका लागि काम गर्ने अन्तर्राष्ट्रिय संस्था हो जसले गरिबीमा बाँचिरहेका जनसमुदायको जीवनमा परिवर्तन ल्याउनका लागि काम गर्दछ । संसारमा विद्यमान  केही जटिल समस्याहरूको समाधान पहिचान गर्नका लागि हामी समुदायहरूसँगै मिलेर काम गर्दछौँ, विशेष गरी यस्ता समस्याहरू जसलाई विनाशकारी जलवायु परिवर्तन र निरन्तर चली आएको लैङ्गिक असमानताले अझ चुनौतीपूर्ण बनाएका छन् । कृषि, जलवायु परिवर्तन, स्वच्छ ऊर्जा र पानी र फोहोर व्यवस्थापनका क्षेत्रमा सरल, नवीन र स्थानीय अपनत्व भएका समाधान पहिचान गर्नु हाम्रो प्राथमिकता हो । साथै हामीले सफल समाधानहरू अरू सरोकारवालाहरूसँग पनि सिकाइका रूपमा साट्ने गरेका छौँ किनकि ठूला परिवर्तनहरू प्राय: सानैबाट सुरु हुन्छन्।

हामी विश्वका तीन महादेश – एशिया, अफ्रिका र दक्षिण अमेरिकाका समुदायहरूसँग परिवर्तनका लागि काम गर्दछौँ। नेपालको परिवेशमा भने हामी तीन वटा कार्यक्रम क्षेत्रहरू: स्वच्छ ऊर्जा, दिगो कृषि र बजार, र जलवायु परिवर्तन र उत्थानशीलता सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ।

**मिडिया फेलोशिपका बारेमा**

राष्ट्रको चौथो अङ्गको रुपमा मानिने मिडियाको कृषि,  जलवायु परिवर्तनका असर, साना किसानहरूको उत्थानशीलता सम्बन्धी विभिन्न गम्भीर मुद्दाको सम्बोधन गर्न ठूलो भूमिका हुन्छ । सम्बन्धित सूचनाहरूसँगको पहुँच सहज भएको अवस्थामा, मिडियाले जनताको धारणालाई समेटेर नीति परिवर्तनको वातावरण सिर्जना गर्नसक्छ । विभिन्न अध्ययन र प्रमाणहरूले पनि सशक्त र अर्थपूर्ण मिडिया सहभागिताले सुशासन, जवाफदेहिता, पारदर्शिता र दिगो परिवर्तनमा टेवा पुर्याएको छ। यही सन्दर्भमा प्राक्टिकल एक्शनले पनि आफ्ना अनुभव, विज्ञतालाई अगाडि सारेर मिडियाको सहभागितालाई बलियो बनाउन आफ्नो क्षमता अनुसार प्रयत्न गर्दै आएको छ। यो फेलोशिप पर्यावरणमा आधारित पुनरुत्पादक कृषि, जलवायुमैत्री कृषि,

दिगो बजार व्यवस्थापन, ग्रामीण कृषकहरूको वित्तीय पहुँच र समावेशिता आदि मुद्दामा मिडियाको बुझाइ, सञ्चारकर्मीहरूको प्राथमिकतालाई बुझी मिडिया सहभागिता बढाउने सोचमा गरिएको एउटा प्रयास हो।

सन् २०५० सम्ममा विश्वको जनसंख्या लगभग १० अर्बको हाराहारीमा पुग्ने प्रक्षेपण गरिएको छ। तर यसरी बढ्दो क्रममा रहेको जनसंख्यालाई पोषण प्रदान गर्ने कृषियोग्य जमिन भने खुम्चँदै छ। एकबाली प्रणालीको व्यापक प्रयोगको कारण जैविक विविधतामा ह्रास आएको छ। महँगो कृषि सामाग्रीहरूको प्रयोग बिना खेती गर्न नसकिने अवस्थामा आईपुग्दा भूमिको संरक्षक किसानले खेती गर्नकै निम्ति ऋण लिनुपरेको अवस्था छ । साना किसानहरू झनै सीमान्तकृत हुँदै गएका छन्। नेपालको परिवेशमा चुनौतीहरू झनै विकराल हुने निश्चित छ जहाँ आधा जनसंख्या, मुख्यतः महिला कृषिमा आश्रित छन्।

नेपालको कृषि उत्पादन, पानीको उपलब्धता, जैविक विविधता आदिमा जलवायु परिवर्तनको कारणले पनि अझ ठूलो प्रभाव पर्ने देखिन्छ। ग्लोबल सर्कुलेशन मोडेलले २०३० सम्ममा नेपालको तापक्रम औसत ०.५ डिग्री सेल्सियस देखि २ डिग्री सेल्सियसको बीचले वृद्धि हुने आँकलन गरेको छ ।

यसका साथै नेपालमा वित्तीय पहुँचमा पनि ठूलो खाडल छ। नेपाल राष्ट्र बैंकका अनुसार निक्षेप खाताको संख्या ५.४७ करोडभन्दा बढी भए पनि दोहोरिएका खाता घटाउँदा झन्डै एकतिहाइ नेपाली नागरिक बैंक तथा वित्तीय संस्थाको पहुँचबाहिर छन्। औपचारिक वित्तीय संस्थामा खाता नरहेका करिब एकतिहाइ नेपाली अधिकांश ग्रामीण परिवेशका छन् ।

यी सम्पूर्ण चुनौतीहरूलाई सम्बोधन गर्दै प्राक्टिकल एक्शनले साना किसानहरूसँग काम गर्दै आएको छ। पुनरुत्पादक कृषिको प्रबर्द्धन गर्नु हाम्रो उद्देश्य हो। पुनरुत्पादक कृषि भनेको खाद्य र कृषि प्रणालीको संरक्षण र पुन:स्थापना गर्ने दृष्टिकोण सहितको कृषि हो । यसले माटोमा हुने जैविक पदार्थहरुको पुन:निर्माण र माटोमा घट्दै गएको जैविक विविधता पुन:स्थापना गरेर माटोको उर्वराशक्तिलाई सुधार गर्दछ र जलवायु परिवर्तनको नकारात्मक असरलाई घटाउँदछ । साथै कृषिलाई व्यवसायमुखी बनाउँदै गर्दा हामी किसानहरूको, विशेष गरी सीमान्तकृत समुदायको वित्तीय पहुँच र समावेशिता बढाउनमा पनि काम गर्दै आएका छौं।

यसै सन्दर्भमा हामीले हाम्रो क्षमतामा भएको ज्ञानलाई सम्बन्धित सरोकार समुदायसँग आदानप्रदान गर्नुपर्ने कुराको बोध भएको हो। कृषिमा हाम्रो विगत पाँच दशकको कामको आधारमा हामीले हाम्रो कार्यकौशलता भएको विषयमा '**मिडिया फेलोशिप**' लाई अगाडि बढाएका छौँ । यो कार्यक्रम तल उल्लेखित विषयहरूमा केन्द्रित रहनेछः

- ग्रामीण जीविकोपार्जनका लागि कृषि पर्यावरण, पुनरुत्पादक र जलवायुमैत्री कृषि
- कृषि बजार प्रणाली विकास
- कृषिमा लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशिकरण
- नेपालका किसानहरू, विशेष गरी महिलाहरूलाई वित्तीय साक्षरता, डिजिटल साक्षरता र डिजिटल वित्तीय साक्षरताका मध्यमबाट वित्तीय समावेशीकरण
- कृषि क्षेत्रमा डिजिटल वित्तीय सेवाहरूको उपलब्धता र प्रयोग बढाउनका लागि पारिस्थितिक प्रणालीको विकास
- कृषिमा डिजिटल प्रविधि

यस कार्यक्रमका अपेक्षित सहभागीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा काम गरिरहेका पत्रकार वा रिपोर्टर हुन् । जलवायुमैत्री कृषि र उत्थानशीलताका मुद्दा देशकै मुद्दा भएका कारण हाललाई राष्ट्रिय पहुँच भएका मिडियालाई प्राथमिकता दिइएको हो। कृषि, वित्तीय पहुँच, समावेशिता र वित्तीय साक्षरता सम्बन्धी मुद्दामा निरन्तर लेख्नुहुने वा रिपोर्टिङ्ग गर्नुहुने र पिछडिएको समुदायबाट प्रतिनिधित्व गर्नुहुने, महिला वा अपाङ्गता भएका पत्रकार वा रिपोर्टरलाई यस कार्यक्रममा सहभागी हुन हाम्रो विशेष अनुरोध छ।

**<u>यस कार्यक्रमको पद्धती</u>**

- यस अनुरोधको सम्बोधन गरी आवेदन दिनुहुने पत्रकार वा रिपोर्टरहरूको आवेदनहरूलाई एक जना अनुभवी बरिष्ठ पत्रकार र विषयगत विज्ञले तल उल्लेखित सूचकका आधारमा प्राथमिकिरण गर्नुहुनेछ र तीमध्येका ६ जनालाई यस कार्यक्रममा अनुबन्धित गरिनेछः
    - नेपाली वा अङ्ग्रेजी भाषामा राष्ट्रिय मिडियाका लागि पत्रकारिता वा रिपोर्टिङ्ग गरिरहेको
    - फाराममा उल्लेखित यहाँले दिएको सूचना र प्रेरणाका कारणका आधारमा
    - कृषि, वित्तीय पहुँच, समावेशिता र वित्तीय साक्षरताका मुद्दामा लेख्ने वा रिपोर्टिङ्ग गर्ने अनुभव भएको
    - पिछडिएको समुदायबाट प्रतिनिधित्व गर्नुहुने, महिला वा अपाङ्गता भएका पत्रकार वा रिपोर्टरलाई विशेष प्राथमिकता
- कार्यक्रमलाई सशक्त बनाउन र अर्थपूर्ण सिकाइको सुनिश्चितताका निमित्त १० वर्षभन्दा बढी अनुभव भएको वरिष्ठ पत्रकारको रोहबरमा यो कार्यक्रम सञ्चालन हुनेछ

- कार्यक्रमको सुरुवात र कार्यक्रमका दौरानमा सम्भाव्यता अनुसार अनलाइन, प्रत्यक्ष वा फोनबाट सत्रहरू सञ्चालन हुनेछ
- प्राक्टिकल एक्शनका विषयगत विशेषज्ञहरूसँग अन्तरक्रिया र विषयगत सिकाइको लागि वातावरण सिर्जना गरिनेछ
- सूचना सङ्कलन, र समाचार प्रकाशन गरी दुई किस्तामा प्रस्तावित रकम प्रदान गरिनेछ
- कार्यक्रमको अन्त्यमा अनुबन्धित पत्रकार वा रिपोर्टरले राष्ट्रिय वा अन्तर्राष्ट्रिय मिडियामा विस्तृत लेख डिसेम्बर २०२४ को पहिलो हप्तासम्म प्रकाशित गर्नु पर्नेछ।

**फेलोशिपले के दिन्छ?**

- सूचना सङ्कलन र खर्च हुने समयलाई मध्यनजर गर्दै रू.१००,०००(नेपाल सरकारको नियम अनुसारले करको रकम काटिनेछ) बराबरको फेलोशिप
- वरिष्ठ पत्रकारद्वारा कोचिङ्ग र अनुभव आदानप्रदान – लेखन, सम्पादन, कपी एडिटिङ्ग, तथ्य जाँच र मल्टिमिडियाको प्रयोग आदि बारे प्राथमिक सिकाइ
- विषयगत विशेषज्ञहरूबाट सहयोग – प्राविधिक विषयहरूमा सल्लाह

**अनुबन्धित पत्रकार वा रिपोर्टरको जिम्मेवारी**

- कार्यक्रमको ढाँचा अनुसार सबै सत्रहरूमा सहभागी हुनैपर्ने र भनिएकावा दिइएका जिम्मेवारी पुरा गर्ने
- कार्यक्रमलाई सहजीकरण गरी कोचको भूमिकामा रहनुभएको वरिष्ठ पत्रकारसँग निरन्तर सम्पर्कमा रहिरहने
- पत्रकारिताको नैतिक सिद्धान्तको पालन गर्ने
- लैङ्गिक समानता र सामाजिक सहभागिताका मूल आधारभूत सिद्धान्तको पालना गर्ने
- कार्यक्रमको अन्त्यमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय मिडियामा एउटा विस्तृत लेख वा समाचार प्रकाशन गर्ने

**यस फेलोशिपमा आवेदन दिनका लागि**

- आवेदन फाराम भरी proposals@practicalaction.org.np मा इमेलको subject मा “Media fellowship 2024” लेखी असोज १६ गते, २०८१ बुधबार ५ बजेभित्र इमेल गर्नुहोस् ।
- आफ्नो हालैको उपलब्धी र अनुभव समेटिएको बायोडाटा (CV) पनि साथै इमेल गर्नुहोस्
- आफ्नो PAN कार्डलाई स्क्यान गरी सँगै इमेल गर्नुहोस् ।

माथि तोकिएको म्यादभन्दा पछि प्राप्त आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**BIG CHANGE**
**starts small**

**प्राक्टिकल एक्शन**
**पानीपोखरी, लाजिम्पाट**
**काठमाडौँ, नेपाल**